छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०८० सालको कार्यविधि नं. ६

## छायाँनाथ रारा नगरपालिका नगरपालिका नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावनाः** छायाँनाथ रारा नगरपालिका नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **छायाँनाथ रारा नगरपालिका नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को प्रस्तावनामा संशोधनः** छायाँनाथ रारा नगरपालिका नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,–

(१) "वाञ्छनीय भएकाले" शब्द पछिको "नगर उपप्रमुख संग न्यून आय स्रोत भएका गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन गर्न आवश्यकता देखिएकोले" भन्ने शब्द झिकिएको छ। र

(२) "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५" को सट्टा देहायको शब्द थपिएको छः

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी छाँयानाथ रारा नगरपालिका मुगुको नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ।"

३. **मूल कार्यविधिको दफा १ मा संशोधनः** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।"

४. **मूल कार्यविधिको दफा २ मा संशोधनः** मूल कार्यविधिको दफा २ को,-

(१) उपदफा (१) मा भएको व्यवस्थालाई झिकिएका छन।

५. **मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अति विपन्न, बेरोजगार तथा तिन महिना देखी छ महिना र छ महिना देखी नौ महिना सम्मा खाना नपुग्ने गर्भवती तथा सुत्केरी महिलाहरुको तथ्याङ्क संकलन गर्ने।"

६. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (१) मा आवश्यक कागजातहरुको मागको विवरणको सट्टा देहायको विवरण राखिएको छः-

(क) नावालक (वच्चा) वालवालिकाको जन्मदर्ताको प्रतिलिपि,

(ख) सम्बन्धित स्वास्थ्य संस्थामा गर्भ जाँच गरेको वा सुत्केरी ANC कार्डको प्रतिलिपि,

(ग) गर्भवती वा सुत्केरी आमाको नेपाली नगरिकता प्रमाण पत्रको प्रतिलिपि।"

७. **<u>मूल कार्यविधिको दफा ७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (ङ) र (च) मा उल्लेख भएको "आदि" शब्द झिकिइका छन।

(२) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अण्डा एक क्यारेट प्रति आमा"

(३) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) नगद रकम एक हजार रुपैंया मात्र सम्म प्रति आमा"

८. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ८ को,-

(१) उपदफा (१) मा उल्लेख भऐको "५ वा ७" को सट्टा "पाँच वा सात" शब्द राखिएका छन।

(२) उपदफा (१) को खण्डहरुको सट्टा देहायको खण्ड राखिएको छः-

"(क) छायाँनाथ रारा नगरपालिकाका उपप्रमुख -अध्यक्ष

(ख) नगरकार्यापालिकाको महिला सदस्य मध्येबाट एक जना -सदस्य

(ग) नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयंम सेविका मध्य बाट एक जना -सदस्य

(घ) छायाँनाथ रारा नगरपालिका महिला तथा वालवालिका शाखा, र स्वास्थ्य शाखा मध्येबाट एक/एक जना गरी दुई जना -सदस्य,

(ङ) महिला बर्गको हक, हित, संरक्षण र सम्वद्धनमा विषेश योगदान पुर्याउने संघ संस्था एवं पेशा व्यवसाय समेतको प्रतिनिधित्व हुनेगरी एक जना -सदस्य

(च) नगर उपप्रमुखले तोकेको एक जना -कार्यक्रम समन्वयकर्ता"

९. **<u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ९ को,-

(१) उपदफा (१) मा "हरेक १ महिनामा" भन्ने शब्दको सट्टा "हरेक एक महिनामा" भन्ने शब्द राखिएको छ।

१०. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को,-

(१) उपदफा (१) मा उल्लेख भएको "रु. ५,००,०००।- शब्द झिकिएका छन।

११. **<u>रुपान्तरूः</u>** मूल कार्यविधिमा रहेका "पर्नेछ" शब्दको सट्टा "पर्छ" शब्द राखिएका छन।

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत